**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत स्वामीत्व योजनाअन्तर्गत ६५ लाखभन्दा अधिक सम्पत्ति कार्ड वितरण गर्नुहुनेछ।

२. भारतीय जनता पार्टीले दिल्लीमा पाटीको पहिलो घोषणापत्र जारी गरेको छ।

३. रुसी सेनामा कार्यरत १२ जना भारतीय नागरिकहरु संघर्षमा ज्यान गएको तथा १६ जना अझै हराइरहेका विदेश मन्त्रालयले जनाएको छ।

४. इस्राइलको सुरक्षा कैबिनेटले हमासको साथ बंधकहरुको रिहाई र युद्ध विराम समझौतालाई मंजूरी दिएको छ

र

५. खो खो विश्वकपमा भारतीय पुरुष र महिला दुवै टोली आ–आफ्नो वर्गको सेमिफाइनलमा प्रवेश गरेका छन्।

**प्रधानमंत्री-स्वामित्व योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत १० राज्य र दुई केन्द्र शासित प्रदेशका ५० हजारभन्दा अधिक गाउँहरूमा स्वामीत्व योजनाअन्तर्गत ६५ लाखभन्दा अधिक सम्पत्ति कार्ड वितरण गर्नुहुनेछ। यस योजनालाई देशका गाउँगाउँको सशक्तीकरण र सुशासनको यात्रामा यो एउटा महत्वपूर्ण पाइला हुनेछ। यस योजनाको उद्देश्य ग्रामीण जनसंख्याको क्षेत्रमा सम्पत्ति मालिकहरूलाई रेकर्डको अधिकार प्रदान गरेर ग्रामीण भारतमा आर्थिक रूपान्तरणलाई बढावा दिनु हो।

****** ० ******

**पीएम-दिगांतर**

प्रधानमन्त्री नरेन्द्र मोदीले 'मिसन स्कट–स्कट' **एस.सी.ओ.टी** को सफलताका लागि भारतीय अन्तरिक्ष स्टार्टअप दिगंतरको प्रशंसा गर्नुभयो। एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो यो बढ्दो भारतीय अन्तरिक्ष उद्योगको अन्तरिक्ष स्थिति जागरूकता बढाउनको लागि एक महत्वपूर्ण योगदान हो। अर्को एक सोशल मीडिया पोस्टमा प्रधानमन्त्री श्री मोदीले पीएम इन्टर्नसिप योजनाको उत्साहजनक नतिजाप्रति खुशी व्यक्त गर्नुभयो भने यसले युवाहरूलाई सशक्तीकरण गर्न र भविष्यको लागि तयार कार्यबल निर्माण गर्ने दिशामा एक ठूलो कदम रहेको उल्लेख गर्नुभयो।

****** ० ******

**राजनाथ- नौसेना**

रक्षामन्त्री राजनाथ सिंहले रक्षा अनि सुरक्षा वातावरणमा बढ्दो तनावलाई ध्यानमा राख्दै देशको आक्रामक र रक्षात्मक प्रतिक्रियालाई बलियो बनाउनुपर्नेमा जोड दिनुभएको छ भने समयसँगै देशको रक्षा बलको काममा जटिलता बढ्दै गएको बताउनु भयो। आज नयाँ दिल्लीमा आयोजित एक नौसैनिक कार्यक्रमलाई सम्बोधन गर्दै रक्षामन्त्री सिंहले सो कुरा बताउनु भएको हो। यसका साथै उहाँले देशभक्ति र अनुशासनले सैनिकलाई देशप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न मद्दत गर्ने बताउनु भयो। साइबर सुरक्षालाई सामुद्रिक सुरक्षासँग सम्बन्धित एक महत्वपूर्ण पक्षको रूपमा वर्णन गर्दै श्री सिंहले आज साइबर आक्रमणलाई बेवास्ता गर्नु घातक साबित हुन सक्ने बताउनु भयो।

****** ० ******

दिल्ली-नामांकन

दिल्ली विधानसभा चुनावको लागि नामांकन प्रक्रिया हिजो समाप्त भएको छ। यसमा एक हजारभन्दा अधिक उम्मेदवारले नामांकन पत्र दर्ता गराएका छन् । नामांकन फिर्ता लिने अन्तिम मिति २० जनवरी रहेको छ ।

****** ० ******

**दिल्ली संकल्प पत्र**

भारतीय जनता पार्टीले दिल्लीमा सत्तामा आएमा राष्ट्रिय राजधानीका हरेक गरिब महिलालाई मासिक २हजार ५ सय रुपैयाँ र एलपीजी सिलिन्डरका रुपमा ५ सय रुपैयाँ दिने घोषणा गरेको छ । यसैबीच पार्टी अध्यक्ष जेपी नड्डाले हिजो नया दिल्लीमा पाटीको पहिलो घोषणापत्र जारी गर्नुभयो। छ । सो अवसरमा बोल्दै नड्डाले भाजपा केन्द्रको आयुष्मान भारत योजना कार्यान्वयन गर्ने प्रतिबद्धता रहेको जनाउदै शहरमा पाँच लाखको अतिरिक्त स्वास्थ्य खर्च पनि उपलब्ध गराउने समेत बताउनु भयो । नड्डाले अझै भन्नुभयो, 'यदि भाजपा सत्तामा आयो भने अटल क्यान्टिन योजनाअन्तर्गत सबै झुग्गीबस्तीका बासिन्दालाई ५ रुपैयाँमा पोषणयुक्त खाना उपलब्ध गराउने तथा ज्येष्ठ नागरिकको पेन्सन मासिक दुई हजारबाट बढाएर दुई हजार ५०० पुरयाइने छ।

****** ० ******

**शाह संसद कानुन**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिजो मध्य प्रदेशमा तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनको समीक्षा गर्नुभयो। यस अवसरमा गृहमन्त्रीले नयाँ आपराधिक कानून लागू गर्न मध्य प्रदेश सरकारले गरेको प्रयासको प्रशंसा गर्दै राज्यमा कानूनको शतप्रतिशत कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । श्री शाहले आतंकवाद र संगठित अपराधसँग सम्बन्धित धाराहरू अन्तर्गत मुद्दा दर्ता गर्नु अघि वरिष्ठ पुलिस अधिकारीहरूले ती धाराहरू अन्तर्गत मुद्दा दर्ता गर्न योग्य छ कि छैन भनेर जाँच्नुपर्ने बताउनु भने यी कानुनी प्रावधानको दुरुपयोगले नयाँ आपराधिक कानूनको पवित्रतालाई कमजोर पार्ने उहाँको भनाइ थियो । बैठकमा मध्य प्रदेशका मुख्यमन्त्री डा मोहन यादव, केन्द्रीय गृह सचिव गोविन्द मोहन, मध्य प्रदेशका मुख्य सचिव र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए।

****** ० ******

**महाकुंभ**

प्रयागराजमा महाकुम्भको क्रममा जनवरी २९ मा मौनी अमावस्यामा अमृत स्नानको लागि सरकारले व्यापक तयारी गरिरहेको छ। मौनी अमावस्याका दिन त्रिवेणी सङ्गममा आठ करोडभन्दा अधिक श्रद्धालु र तीर्थयात्रीले पवित्र स्नान गर्ने अपेक्षा गरिएको छ ।

****** ० ******

**बजट सत्र**

संसदको बजट सत्र 31 जनवरीदेखि शुरू हुनेछ । सत्रको पहिलो दिन राष्ट्रपति द्रौपदी मुर्मुले लोकसभा र राज्य सभाको संयुक्त बैठकलाई संबोधित गर्नुहुनेछ । वित्त मंत्री निर्मला सीतारामनले पहिलो फरवरीमा केंद्रीय बजट प्रस्तुत गर्नुहुनेछ । बजट सत्रको पहिलो चरण 13 फरवरीसम्म चल्नेछ जबकि दोस्रो चरण 10 मार्चदेखि 4 अप्रैलसम्म हुनेछ

****** ० ******

**इस्राइल युद्ध विराम समझौता**

इस्राइलको सुरक्षा कैबिनेटले हमासको साथ बंधकहरुको रिहाई र युद्ध विराम समझौतालाई मंजूरी दिएको छ र यसलाई स्वीकार गर्न सरकारलाई सिफारिश गरेको छ ।यो समझौता गजामा जारी भयानक संघर्ष समाप्त गर्ने दिशामा एउटा ठूलो कदम हुनेछ । कतर, संयुक्त राज्य अमरीका र मिस्र द्वारा प्रस्तावित यस समझौताले चलिरहेको हिंसामा रोक लाग्नेछ ,जसले गर्दा दुवै पक्षहरुमा ठूलोजनधनको क्षती भएको थियो । इस्राइली प्रधानमंत्रीको कार्यालयले , सुरक्षा कैबिनेटले कूटनीतिक, सुरक्षा र मानवीय पक्षहरुको मूल्यांकन गरी यो समझौतालाई स्वीकार गर्ने सिफारिश गरेको छ ।यो समझौता भोली देखि लागूहुनेछ । तीन महिला बंधकहरुलाई भोली अपरान्ह 4 बजेसम्म रिहा गरिने बताईएको छ ।

****** ० ******

**नेपाल प्रधानमंत्री-ऊर्जा**

नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले देशमा फलाम, स्टिल, मलजस्ता ठूला उद्योग स्थापना भइरहेकाले देशको ऊर्जा खपतका बारेमा आत्तिनुपर्ने अवस्था नरहेको बताउनुभएको छ । यसका साथै बन्द रहेका उद्योगलाई नयाँ तरिकाले पुनः सञ्चालन गरिने पनि उहाँले बताउनु भयो ।**हिजो नेपालको राजधानी** काठमांडू**मा स्वतंत्र विद्युत उत्पादक संघ, नेपाल-आई.पी.पी.ए.एन.**को रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ऊर्जा उत्पादकले नै ऊर्जा खपतका लागि बजार पाउने भएकाले ऊर्जा बिक्रीका लागि आत्तिनुपर्ने अवस्था नरहेको बताउनु भयो भने आगामी ११ वर्षमा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने गरी सरकारले खाका तयार पारेको बताउनु भयो ।

****** ० ******

**खो-खो विश्व कप**

खो खो विश्वकपमा भारतीय पुरुष र महिला दुवै टोली आ–आफ्नो वर्गको सेमिफाइनलमा प्रवेश गरेका छन् । दुवै टोलीले प्रतियोगिता भर उत्कृष्ट प्रदर्शन गरेका छन् भने सबै खेलमा जित हात पारेका छन् ।नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर स्टेडियममा हिजो भएको क्वाटरफाइनलमा भारतले श्रीलङ्कालाई १००–४० ले पराजित गरेको हो । रामजी कश्यप बेस्ट प्लेयर ऑफ द मैच घोषित गरियो भने वी. सुब्रमण्यम बेस्ट अटैटर घोषित गरियो। यस्तै भारतीय महिला टिमले पनि क्वाटरफाइनलमा बंगलादेशलाई १०९–१६ ले हराएको छ । कप्तान प्रियंका इंगलेको नेतृत्वमा रहेको टोलीले खेलको चारै मोडमा प्रभुत्व जमाएको थियो । भारतीय महिला क्रिकेट टिमले लगातार चौथो खेलमा १०० अंकको आँकडा पार गरेको छ ।

****** ० ******

**मौसम**

मौसम विभागका अनुसार आगामी दुई दिनमा पञ्जाब, हरियाणा, उत्तर प्रदेश, दिल्ली र राजस्थानका धेरै भागहरूमा रात र बिहान धेरै बाक्लो कुहिरो लाग्ने सम्भावना छ। आगामी दुई दिनसम्म हिमाचल प्रदेश, उत्तराखण्ड, उप-हिमालयी पश्चिम बंगाल, ओडिशा, मध्य प्रदेश र उत्तर-पूर्वी राज्यहरूमा यस्तै अवस्था रहने अपेक्षा गरिएको छ। आकाशवाणीसँग कुरा गर्दै मौसम विभागका वरिष्ठ वैज्ञानिक डा. सोमा सेन रोयले पश्चिमी बाधाले भोलि उत्तर पश्चिम भारतलाई असर गर्न सक्ने बताउनु भएको छ ।

****** ० ******

**ऑस्ट्रेलियन ओपन टेनिस**

ऑस्ट्रेलियन ओपन टेनिस टूर्नामेंटको पुरूष डबल्सको दोस्रो चरणमा आज आज भारतको एन. श्रीराम बालाजी र मैक्सिकोको मिग्वल एंजेल रेयेस वरेलाको जोडीले पुर्तगालको नूनो बोर्गेश र फ्रासिस्को कैब्रेलको जोडीसित सामना गर्नेछ।यसभन्दा पहिले बालाजी र वरेलाको जोड़ीले पहिलो चरणमा कजाकिस्तानको अलेक्जेंडर नेदोव्येसोव र नीदरलैंड्सको रॉबिन हासको जोडीलाई लगातार सेटहरुमा पराजित गरेको थियो ।

****** ० ******